# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः ६ मितिः २०८१/०९/२४

## भाग-२

## भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकिकृत कार्यविधि,२०८० (दोश्रो संशोधन २०८१)

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर महानगरपालिका

बागमती प्रदेश, नेपाल

**भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकिकृत कार्यविधि, २०८०**
**( दोस्रो संशोधन, २०८१ )**

कार्यपालिकाबाट पारित मिति २०८१/०९/२१

प्रस्तावना,

भरतपुर महानगरपालिका **युवा स्वयंसेवक परिचालन सम्बन्धी एकिधृत कार्यविधि, २०८०** लाई दोस्रो संशोधन गर्न वाञ्छनीय भएकाले ।

१ सक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम **"भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी एकिकृत कार्यविधि, २०८० (दोस्रो संशोधन, २०८१)"** रहेको छ ।

ख. मूल कार्यविधि भन्नाले भरतपुर महानगरपालिका युवा स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि, २०८० लाई जनाउने छ ।

ग. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

२ मूल कार्यविधिको दफा (७) को उपदफा (१) मा संशोधन गरिएको ।

क. ( दफा ७ को उपदफा १ मा ) यस कार्यविधि बमोजिम युवा स्वयंसेवक शिक्षक अग्रेजी, गणित, र विज्ञान मूल विषय लिई तोकिएको योग्यता प्राप्त गरेका व्यक्तिहरूमात्र नियुक्त हुनेछन । **"तर उल्लेखित विषयहरूको शिक्षक उपलब्ध भए पश्चात कोटा बाँकी रहेमा अन्य अनिवार्य विषयको शिक्षक नियुक्त गर्न सकिने छ ।"**

३ मूल कार्यविधिको दफा (१३) को उपदफा (२) मा संशोधन गरिएको ।

क. ( दफा १३ को उपदफा २ मा ) उप दफा (१)बमोजिम विद्यालयले पदपुर्ति माग गरेपछि महाशाखाले अग्रेजी, गणित र विज्ञान **"मा पदपुर्ति भईसकेको अवस्थामा अन्य अनिवार्य विषयहरू नेपाली र सामाजिक"** मध्ये कुनै एक विषयमा पदपुर्तिकालागी अनुमति दिनेछ ।

४ मूल कार्यविधिको दफा (२०) को उपदफा (१) मा संशोधन गरिएको ।

( दफा २० को उपदफा १ मा ) युवा स्वयंसेवक शिक्षकको काम प्रभावकारी नभएमा निष्कासन पुर्व सफाईको मौका दिई परिचालन तथा व्यवस्थापन समितिको निर्णयबाट करार सम्झौता भंग गरी युवा स्वयंसेकबाट निस्कासन गर्न सकिनेछ । साथै संघीय वा प्रदेश सरकारबाट सोही विषयको दरबन्दी/राहत दरबन्दी वा शिक्षण अनुदान वा अन्य विधिबाट शिक्षकको पदपुर्ति भएमा नगर शिक्षा समितिले स्वयं सेवक कोटा कटौती गर्न सक्नेछ ।

५ मूल कार्यविधिको दफा (२०) को उपदफा (२) मा संशोधन गरिएको ।

क. ( दफा २० को उपदफा १मा ) यस कार्यविधि वमोजिम नियुक्त हुने युवा स्वयंसेवकको सेवा अवधि एक पटकमा एक आर्थिक वर्षका लागी हुनेछ। तर स्वयंसेवकको काम प्रभावकारी देखिएमा पुनः एक शैक्षिक सत्रकालागी म्याद थप्न सकिने छ। तर एउटै व्यक्तिलाई निरन्तर दुई **"शैक्षिक सत्र"** भन्दा बढी अवधिका लागि युवा स्वयं सेवकमा नियुक्ति गर्न पाइने छैन ।

---

आज्ञाले,
लक्ष्मी प्रसाद पौडेल
प्रमुख प्रसाशकीय अधिकृत